अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ०४/०७९/०८० **मितिः**२०७९/०५/२२

**अध्यक्षताः** कार्यवाहक नगर प्रमुख श्री खड्गमाया पराजुली

**उपस्थितिः**

| | | |
|---|---|---|
| कार्यवाहक नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**आमन्त्रित**

| | | |
|---|---|---|
| अधिकृत, प्रशासन शाखा | श्री चुडामणी निरौला | उपस्थित |
| सहायक, प्रशासन शाखा | श्री सौजन कटुवाल | उपस्थित |

मिति २०७९/०५/२२ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. रिक्त पदपूर्ती सम्बन्धमा

अर्जुनधारा नगरपालिकाका लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दी तेरिज तथा यस नगरपालिकाको नगर सभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम कायम स्थायी दरबन्दी बमोजिम रिक्त तथा नयाँ सृजना भएका पदहरुमा स्थायी पदपूर्ती गर्नुपर्ने भएकाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २२ बमोजिम देहायका पदहरुमा स्थायी पदपूर्तीका लागि श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं १ मार्फत प्रदेश लोक सेवा आयोगमा पठाउने निर्णय गरियो ।

| क्र.सं. | माग पदको नाम | पदको श्रेणी, तह | सेवा/ समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत | छैठौं | प्रशासन /सामान्य प्रशासन | १ |
| २ | कानून अधिकृत | छैठौं | कानून/कानून | १ |
| ३ | प्राविधिक सहायक | पाचौं | कृषि/मत्स्य | १ |
| ४ | प्राविधिक सहायक | पाचौ | कृषि/ बाली संरक्षण | १ |
| ५ | नायब पशु स्वास्थ्य प्राविधिक | चौथो | कृषि/भेट | १ |
| ६ | नायब पशु सेवा प्राविधिक | चौथो | कृषि/ला.पो.डे.डे. | १ |
| ७ | नायब प्राविधिक सहायक | चौथो | कृषि/कृषि प्रसार | १ |

२. नदीजन्य पदार्थको विक्री कर संकलनका लागि जनशक्ति खटाउने सम्बन्धमा ।

अर्जुनधारा नगरपालिका भएर वहने आइ.इ.इ. गरेका नदीहरुबाट नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्रीको ठेक्का बन्दोवस्तीका लागि नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०५/०८ मा बोलपत्र आह्वान गरी सूचना प्रकाशन गरिएकोमा प्रकाशित सूचना बमोजिम बोलपत्र मूल्याङ्कन, आशयको सूचना प्रकाशन, स्वीकृति लगायतका प्रक्रिया सम्पन्न गर्न केही समय लाग्ने देखिएको, आश्विन १ गतेबाट नदीजन्य पदार्थको उत्खननका लागि समय खुला हुने र नदीजन्य पदार्थकी आपूर्ती उक्त समय सम्म बन्द गर्ने अवस्था समेत नरहेकाले ठेक्का स्वीकृत भई सम्झौता नहुञ्जेलका लागि दैनिक रु ६००/- खानाखाजा खर्च उपलब्ध गराउने गरी विहान ६ बजेबाट बेलुकी ६ बजेसम्म कार्यालयबाटै आवश्यक संख्यामा कर संकलन गर्न जनशक्ति खटाउने निर्णय गरियो ।

३. डि.पि.आर. गर्ने सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०७९/०८० मा नेपाल सरकारको कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकिकरण प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ७ मा ५० प्रतिशत लागत साझेदारीमा ११६ मे.ट.को खाद्य गोदाम घर, थ्रेसिङ्ग फ्लोर भवन,कार्यालय भवन र कम्पाउण्ड वाल निर्माणका लागि अनुदान प्राप्त भएकोमा उक्त अनुदानका लागि कार्यक्रम प्रस्ताव गर्दा आयोजना सञ्चालन हुने स्थान वडा नं ८ भनी प्रस्ताव गरिएकोमा वडा नं ७ भनी कार्यक्रम प्राप्त भएकाले उक्त आयोजना हाल

नगरपालिकाको प्रस्तावित कृषि मण्डी,वडा नं ८ मा सञ्चालन गर्ने गरी आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) निर्माण गर्ने निर्णय गरियो ।

**४. विशेष अनुदान बाट सञ्चालन हुने कार्यक्रमका सम्बन्धमा ।**

चालु आर्थिक वर्ष २०७९/०८० प्रदेश सरकारबाट विशेष अनुदान अन्तर्गत वडा नं ७ मिलडाँडा भाङ्गबारी जोड्ने सडक कालोपत्रेका लागि अनुदान प्राप्त भएकोमा उक्त सडकको वडा नं ७ तर्फको खण्ड कालोपत्रे भईसकेको र वडा नं ४ तर्फको खण्ड बाँकी रहेकाले उक्त श्रोतबाट वडा नं ४ तर्फको बाँकी सडक कालोपत्रे गर्ने निर्णय गरियो ।

**५. अनाधिकृत संरचना हटाउनका लागि सार्वजनिक सूचना हटाउने सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका भित्र रहेका सडकहरुको क्षेत्राधिकार भित्र विभिन्न व्यक्ति तथा घरधनीहरुले अनाधिकृत ढंगबाट टहरा तथा अन्य संरचनाहरु निर्माण गरेको पाइएकाले त्यस्ता संरचनाहरु घरधनी स्वयमले हटाई सडक क्षेत्र खाली गर्नका लागि ३५ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।उक्त अवधिमा समेत त्यस्ता अनाधिकृत संरचनाहरु नहटाइएमा कानून बमोजिम नगरपालिकाबाट हटाउने समेत निर्णय गरियो ।

**६. सम्भाव्यता अध्ययन भ्रमण सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकामा प्राङ्गरिक खेती प्रणाली तथा उत्पादन नियन्त्रण प्रणाली सम्बन्धि कार्यक्रम सञ्चालन गर्का लागि सो कार्यक्रम लागू भएका स्थानहरुको स्थलगत अवलोकन तथा अध्ययन गरी सम्भाव्यता पहिचान गर्न आर्थिक विकास समितिका संयोजक श्री गौरिमाया चिमिरियाको संयोजकत्व एवं सबै वडाको प्रतिनिधित्व हुने गरी सूर्योदय नगरपालिका इलाम तथा उदयपुर जिल्लाको बेलका र कटारीमा अध्ययन भ्रमण गर्ने निर्णय गरियो ।

**७. आयुर्वेद सेवा केन्द्रका लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको आयुर्वेद शाखाको सेवालाई विस्तार गर्दै वडा नं ३ मा आयुर्वेद सेवा केन्द्र स्थापना गरिएकोमा उक्त सेवा केन्द्रका थेरापिस्ट योगेन्द्र विष्टले राजिनामा गर्नु भएको हुँदा निजको ठाउँमा विगतबाटै स्वयमसेवकको रुपमा सेवा गर्दै आउनु भएका अर्जुनधारा-३ बस्ने नविन अधिकारीलाई निजको रुजु हाजिरी बमोजिम २०७९ श्रावण १ गतेबाटै प्रचलित दैनिक ज्यालादर बमोजिम ज्याला प्राप्त गर्ने गरी खटाउने निर्णय गरियो ।

**८. श्रोतान्तर सम्बन्धमा ।**

आर्थिक वर्ष २०७८/०७९ मा प्रदेश राजश्व बाँडफाँड र राजश्व बाडँफाँड स्थानीय तर्फका कार्यक्रमहरुमा आन्तरिक श्रोतबाट सापटी लिई क्रमशः रु.४२३७१५५/४४, र रु ५३९९२४८/- खर्च गरिएकोमा प्रदेश राजश्व बाँडफाँड र राजश्व बाँडफाँड स्थानीयमा बजेट विनियोजन अनुसार आम्दानी नभएकाले आन्तरिक श्रोतबाट सापटी लिई गरिएको खर्चलाई आन्तरिक श्रोत कायम गरी श्रोतान्तर गर्ने निर्णय गरियो ।

**९. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिका वडा नं ४ मा रहेको स्वास्थ्य चौकी अर्जुनधारामा विगतमा ल्याब सेवा सञ्चालनमा रहेकोमा कोभिड महामारी पश्चात हाल सेवा स्थगित रहेकाले उक्त स्वास्थ्य चौकीमा ल्याब सेवा पुनर्सञ्चालनका लागि सामाग्री तथा जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।साथै,अर्जुनधारा -४ को दहिझोडा तथा वडा नं १० को कालिझोडामा समेत स्वास्थ्य केन्द्र भवन निर्माण भई सकेको हुनाले आवश्यकता बमोजिम स्वास्थ्यकर्मी तथा अन्य सामाग्री व्यवस्थापन गरी सेवा सुचारु गर्ने निर्णय गरियो ।

**१०. शोक प्रस्ताव सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाका नगर प्रमुख बलदेवसिंह गोम्देनज्यूकी ममतामयी माता सिम्मा गोम्देन तामाङ्गको मिति २०७९ साल भाद्र १७ गते नीजि निवास अर्जुनधारा-१० मा भएको असामयिक निधन प्रति यो बैठक गहिरो दुःख व्यक्त गर्दछ । दीवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक संतप्त नगर प्रमुखज्यू लगायत परिवारजनमा यो बैठक समवेदना व्यक्त गर्दछ ।